**महिनावारीको समयमा ध्यान दिऔं**

- नियमित रूपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेलाबेलामा हात हुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रगोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु घोएपछि घाममा राम्रोसँग सुकाएर मात्र पुनः प्रयोग गरौं,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानी लगयत झोलिलो खानेकुरा खाऔं,

सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३२३ काठमाडौं शुक्रबार, ९ चैत २०८० Prabhab National Daily Friday, March 22, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## प्रधानमन्त्रीले सुनेनन् भन्दै संसदीय समितिमा पीडित

हाम्रो कुरा प्रधानमन्त्रीले सुनिदिनुभएन । अब राज्य व्यवस्था तथा सुशासन समितिले यो कुराको सुनुवाई गरिदिनुपर्‍यो

**किरण श्रेष्ठ**
**संयोजक**
**सुर्यदर्शन वचत पीडित संघर्ष समिति**

हामीले पनि सरकारलाई नै आग्रह गर्ने हो । जुनसुकै सरकार भए पनि पीडितको पक्षमा न्याय गर्छ भन्ने विश्वास हामीले लिएका छौं । अहिलेको सरकारको नारा नै सुशासन छ

**रामहरि खतिवडा**
**सभापति**
**राज्य व्यवस्था तथा सुशासन समिति**



**प्रभाव संवाददाता**

**काठमाडौं–** पोखराको सूर्यदर्शन सहकारीका बचतकर्ताले गृहमन्त्री रवि लामिछानेलाई छानबिनको दायरामा ल्याउन माग गरेका छन् । बिहीबार संसदको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडालाई सिंहदरबारमा भेटी पीडितहरूले यस्तो माग गरेका हुन् ।

पीडितहरूले यसअघि पोखरामा प्रधानमन्त्री पुष्पकमल दाहाल पुगेकै बेला सहकारीको रकम अपचलन गर्नेहरूलाई कारबाहीको माग गरेका थिए । तर प्रधानमन्त्रीले आफूहरूको मागको कुनै सुनुवाई नगरेको उल्लेख गर्दै संयोजक किरण श्रेष्ठले बताए । 'अब राज्य व्यवस्था तथा सुशासन समितिले यो कुराको सुनुवाई गरिदिनुपर्‍यो । हाम्रो कुरा प्रधानमन्त्रीले सुनिदिनुभएन,' श्रेष्ठले निवेदन बुझाउँदै भने । चैत ४ गते पोखरा पुगेका प्रधानमन्त्री दाहाललाई पीडितहरूले भेटेर 'सहकारी ठग' लाई कारबाही गर्नुपर्ने माग गरेका थिए । 'जीबी राईलाई पक्रेर ल्याउनु पर्‍यो भनेर हामीले भनेको । तर अहिलेसम्म पक्राउ परेका छैनन्,' श्रेष्ठले भने ।

प्रधानमन्त्रीसँग लामो कुराकानी हुन नपाएको उल्लेख गर्दै उनले संसदीय सुनुवाई समितिबाट आफूहरूको समस्या समाधान पहल गरिदिन आइपुगेको बताए ।

### जाहेरीमा लामिछानेको नाम पहिलो नम्बरमा

पुरक जाहेरीमा गृहमन्त्री लामिछानेको नाम पहिलो नम्बरमा छ । तर यसलाई प्रहरीलाई अघि नबढाएको पीडितले बताएका छन् । जबकि चौथो नम्बरमा रहेका दिपेश पुन पक्राउ परिसकेका छन् । पुन पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा हुन् । 'छानबिनपछि गरौला भन्ने कुरा कास्की प्रहरीले भनेको छ । यो उजुरीमा अहिलेको गृहमन्त्री रवि लामिछानेको नाम पहिलो नम्बरमा छ । दीपेश पुन पक्राउ परिसकेका छन्,' संयोजक श्रेष्ठले भने ।

सहकारी ऐन र ठगी सम्बन्धी मुद्दा शीर्षकमा दर्ता गरेको पुरक जाहेरीको पहिलो नम्बरमा भनिएको छ, 'काठमाडौं जिल्ला कामनपा वडा ६ लालचन्द्र लामिछानेको छोरो वर्ष ४८ को रवि लामिछाने गोर्खा मिडिया नेटवर्क प्राइभेट लिमिटेडका प्रबन्धक निर्देशक सुर्य दर्शन सहकारीमा खाता नम्बर १०३९०००६६७५७ भएको ।' उक्त खाताबाट लामिछानेको नाममा एक करोड रूपैयाँ पुलेसो कर्जाका रूपमा २०७८ असार ३१ गते फछ्र्यौट भएको अध्ययनमा देखिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## गठबन्धनलाई प्रदेश चलाउनै मुश्किल

**जेबी योञ्जन**



**काठमाडौं–** झन्डै तीन साताअघि गठन भएको एमाले-माओवादीसहितको गठबन्धनले संघीय मन्त्रिपरिषद् पुनर्गठन गरे पनि प्रदेशमा भने मधेशबाहेक अरुमा चालचुल छैन । अहिलेसम्म पूर्ववर्ती कांग्रेस-माओवादीसहितको गठबन्धन छँदा बनेका मुख्यमन्त्रीहरूले नै प्रदेश हाँकिरहेका छन् ।

यसबीचमा केही प्रदेशका मुख्यमन्त्रीले भने गठबन्धन बदलिएपछि गठबन्धनबाहिरको दलका मन्त्रीलाई बर्खास्त गर्ने काम गरे । तर, गठबन्धनलाई प्रदेशहरूमा सरकार पुनर्गठन गर्न निकै चुनौतीपूर्ण बनेको छ । विकसित राजनीतिक परिघटनालाई विश्लेषण गर्ने हो भने त प्रदेश सरकार गठन गठबन्धनका लागि पहिलो गाँसमै ढुंगा भनेजस्तो भएको छ ।

तर, सरकार पुनर्गठन छिट्टै हुने जनता समाजवादी पार्टी (जसपा)बाट कार्यदल सदस्य रहेका राजेन्द्रप्रसाद श्रेष्ठले दाबी गरे । 'मोटामोटी रूपमा प्रदेश सरकारहरूको नेतृत्व आलोपालोमा गर्नेगरी सहमति भइसकेको छ । कार्यदलले शीर्ष नेताहरूलाई प्रतिवेदन बुझाउन चाहिँ बाँकी छ', उनले प्रभावसँग भने, 'छिट्टै प्रतिवेदन बुझाएर सरकार गठन पनि चाँडै गराउने भन्ने छ ।' हाल गठबन्धनमा रहेको माओवादीले बागमती र कर्णालीमा सरकारको नेतृत्व गरिरहेको छ । बागमतीमा शालिग्राम जम्मकट्टेल र कर्णालीमा राजकुमार शर्मा मुख्यमन्त्री छन् । मधेसमा जसपाका सरोजकुमार यादव मुख्यमन्त्री छन् ।

बाँकी चारवटा प्रदेशमा भने कांग्रेसका मुख्यमन्त्रीहरू छन् । कोशीमा केदार कार्की, गण्डकीमा सुरेन्द्रराज पाण्डे, लुम्बिनीमा डिल्ली चौधरी, सुदूरपश्चिममा कमलबहादुर शाह मुख्यमन्त्री छन् । कांग्रेस नेतृत्वको चार प्रदेशमा सरकार पुनर्गठन गर्ने भनिएको छ ।

तर, देशको पूर्वी क्षेत्रको प्रदेश कोशीमा त कानुनी जटिलताले गर्दा सरकार पुनर्गठन होला कि नहोला ? अन्योल कायमै छ । किनभने त्यहाँ केदार कार्की नेतृत्वको वर्तमान सरकारको गठन संविधानको धारा १६८ को उपधारा (५) अनुसार भएको हो । संवैधानिक कानुनका एकथरी जानकार त्यहाँ उपधारा ५ अनुसार फेरि सरकार पुनर्गठन नहुने मत राखिरहेका छन् । बरु, अहिलेको कार्की सरकार ढलेको अवस्थामा उपधारा ७ अनुसार चुनावी सरकारमा परिणत हुने र उक्त सरकाले मध्यावधि चुनाव गर्ने पनि बताउँछन् । अघिल्लो साता मात्रै कांग्रेस पदाधिकारी बैठकले पनि यस आधारमै विश्लेषण गर्दै कांग्रेसको सरकारले निरन्तरता पाउन निष्कर्ष निकालेको थियो ।

- तीन साता बित्न लाग्दा पनि प्रदेशहरूमा सरकार पुनर्गठन भएकै छैन
- कोशीमा कानुनी जटिलता तथा बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा सांसद संख्या अपुग
- कार्यदल तहमा आलोपालो मुख्यमन्त्री बन्ने समझदारी तर कार्यकाल भने बेटुंगो

अर्कोथरी संवैधानिक कानुनका जानकारहरू भने उपधारा ५ भन्दा पनि उपधारा २ अनुसार दुई वा दुईभन्दा बढी दलहरूले सरकार गठन गर्ने विकल्प कायम गरेको तर्क गरिहेका छन् । यसले गर्दा कोशीमा वर्तमान गठबन्धन दलहरूले कानुनी जटिलताले सरकार पुनर्गठनमा अलमलमा परेका छन् । यदि सरकार पुनर्गठन हुने भए त्यहाँ एमाले-माओवादी, नेकपा एस र जसपासहितको गठबन्धनलाई सरकार गठन गर्न स्पष्ट बहुमत छ । ९३ सदस्यीय प्रदेश संसदमा एमाले एक्लैको ४०, माओवादीको १३, नेकपा एसको ४ र जसपाको १ गरी ५८ जना सांसद छन् । ४७ सांसद भए सरकार गठन हुनेमा यो संख्या आवश्यकताभन्दा अधिक बहुमत हो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## सहज बनाइँदै श्रम स्वीकृति



**प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद (डीपी) अर्यालले वैदेशिक रोजगार कार्यालय ताहाचलको अनुगमन गरेका छन् । श्रम स्वीकृति लगायतका वैदेशिक रोजगार सम्बन्धि भइरहेका गतिविधिको निरीक्षण तथा जानकारी लिने उद्देश्यले मन्त्री अर्याल बिहीबार अनुगमनका लागि ताहाचल पुगेका हुन् ।

श्रम स्वीकृतिलगायत सेवा प्रवाहमा भइरहेको ढिलासुस्तीप्रति गुनासो आइरहेको भन्दै मन्त्री अर्यालले छिटोछरितो सेवा उपलब्ध गराउन कर्मचारीलाई निर्देशनसमेत दिए । मन्त्री अर्यालले निर्देशन दिनेमात्र नभई श्रम स्वीकृति प्रदान गर्ने प्रक्रिया ढिला हुनुका कारण र समस्याको विषयमा पनि जानकारी लिएको उनको सचिवालयले जनाएको छ । श्रम स्वीकृति प्रक्रियालाई सहज र सरल बनाउन यस अघि नै निर्देशन दिएका मन्त्री अर्यालले सेवाग्राहीलाई एक घण्टामा सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए । 'सेवाग्राहीलाई सरल र सहज ढंगबाट सेवा उपलब्ध गराउन प्रत्येक कर्मचारीलाई श्रम स्वीकृतिको लागि निश्चित कोटा तोकिन्छ,' उनले भने, 'बिदाको दिनमा पनि श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइनुका साथै श्रम स्वीकृतिको लागि तोकिएको कोटा हटाइनेछ ।'

मन्त्री अर्यालको अनुगमनपश्चात श्रम कार्यालयको कार्यलाई गति दिन २० वटा कम्प्यूटर अपटेड गरिएको छ भने कर्मचारीलाई तीन वटा सिफ्टमा काम गर्न लगाइएको सचिवालयले उल्लेख गरेको छ । श्रम स्वीकृतिको प्रक्रियालाई सहज बनाउन पुनः श्रम स्वीकृतिलाई एउटै तहले स्वीकृत गर्ने व्यवस्था मिलाउन मन्त्रालयले तयारी गरिरहेको बताइएको छ ।

अहिले भइरहेको संरचनाअनुसार संस्थागत श्रम स्वीकृतिको लागि १३ जना कर्मचारीले कागजपत्र प्रमाणीकरण गर्ने र सात जना कर्मचारीले स्वीकृत प्रदान गर्ने व्यवस्था छ । त्यस्तै, व्यक्तिगत श्रम स्वीकृतितर्फ १५ जनाले कागजपत्र प्रमाणीकरण गर्ने र सात जना कर्मचारीले प्रमाणीकरण गर्ने व्यवस्था छ ।

(क्रमशः पृष्ठ २ मा)

## रोजगारीमा पठाइदिने भन्दै ठगी गर्ने पाँच पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको लागि विभिन्न मुलुक पठाइदिन्छु भन्दै प्रलोभनमा पारी ठगी गरेको आरोपमा पाँच जना पक्राउ परेका छन् । आकर्षक तलबसहित वैदेशिक रोजगारीमा पठाइदिने भन्दै युवाययुतीसँग रकम संकलन गरी फरार रहेको अरोपमा उनीहरूलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । यसरी पक्राउ पर्नेमा पुरुषोत्तम गिरी, श्रृति शाही, मन्दिरा बोम्जन गुरुङ, अस्मिता बम र अनिता कुमारी यादव रहेको प्रहरीले उल्लेख गरेको छ ।

सिन्धुपाल्चोक मेलम्ची नगरपालिका- ८ घर भई हाल काठमाडौं बौद्ध बस्ने पुरुषोत्तम गिरीले जितमाया बललाई न्युजिल्यान्डमा रोजगारीको लागि पठाइदिने भन्दै ९० हजार रूपैयाँ लिएको ठगी गरेको बताइएको छ । यस्तै काठमाडौं बुढानिलकण्ठ नगरपालिका- ६ बस्ने श्रृति शाही र मन्दिरा बोम्जन गुरुङले कुमार खड्कालाई मकाउमा काम लगाइदिने भन्दै तीन लाख ९३ हजार रूपैयाँ ठगी गरेको उल्लेख छ ।

त्यस्तै कैलाली टिकापुर नगारपालिका १ घर भई हाल काठमाडौं कोटेश्वर बस्ने अस्मिता बमले कृष्ण चन्दसमेत तीन जनालाई कोरियामा काम लगाइदिने भन्दै पाँच लाख ७१ हजार रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । यसैगरी सुनसरी भोक्राह गाउँपालिका ४ घर भई काठमाडौं गोकर्णेश्वर बस्ने अनिता कुमारी यादवले राममाया तामाङसँग आकर्षक तलबमा कतारमा काम गर्न पठाइदिने भन्दै ५० हजार लिएर फरार रहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले बताएको छ ।

उनीहरूले पीडितबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेकालाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक नकुल पोखरेलले जानकारी दिए ।




## पृष्ठ १ बाट क्रमशः

### गठबन्धनलाई प्रदेश ...

मधेशमा भने कांग्रेसका मन्त्रीहरूलाई संघीय गठबन्धनले बर्खास्त गरिसकेको छ । चैत ५ गते कृष्ण यादव नेतृत्वको कांग्रेसका तीन मन्त्रीलाई हटाएर एमालेका सरोजकुमार यादवलाई सरकारमा भित्र्याइएको छ। भागबण्ड मिलाउन अफ्ट्यारो परेपछि बाँकी मन्त्रालय भने मुख्यमन्त्री आफैले राखेका छन् । देशको संघीय राजधानीसमेत रहेको बागमती प्रदेशमा पनि सरकार पुनगर्ठनमा गठबन्धन दलहरूलाई पूरै सकस छ ।

त्यहाँ चाहिँ बहुमत जुटाउने सन्दर्भमा गठबन्धन दलहरूलाई समस्या देखिएको हो।११० सदस्यीय प्रदेश संसदमा सरकार गठनका लागि ५६ सांसद चाहिन्छ । त्यहाँ एमालेको २७, माओवादीको २१ र नेकपा एकीकृत समाजवादीको सात जना सांसद छन् । यी तीन दलको सांसद संख्या ५५ पुग्छ । नयाँ समीकरणका लागि एक जना सांसद पुग्दैन । यहीबेला दुई जना सांसद रहेको नयाँ दल हाम्रो नेपाली पार्टीले मुख्यमन्त्री पद बार्गेनिङ गरिरहेको छ । जसले गर्दा सरकार गठन निकै जटिल भएको छ । ३ सिट रहेको नेपाल मजदुर किसान पार्टीलाई गठबन्धनले फकाउँदै छ ।

तर, उक्त दल सरकारमा सहभागी हुनेबारे सकारात्मक छैन । यहाँ नेपाली कांग्रेसले सत्ता लिने तयारी गरिरहेको निवर्तमान मन्त्री तीर्थ लामाले बताए । 'हामी प्रयासमा छौं । केही समयमै परिणाम देखिनेछ,' लामाले भने । राप्रपा, हाम्रो नेपाली दल र नेमकिपाले साथ दिएमा कांग्रेस नेतृत्वको सरकार बन्ने देखिन्छ । यद्यपि कांग्रेसकै इन्द्र बानियाँ भने कि त आफै मुख्यमन्त्री बन्ने नभए अरुलाई कांग्रेसबाट मुख्यमन्त्री बन्न नदिने खेलमा लागेका छन् ।

बागमतीसँग सीमा जोडिएको अर्को प्रदेश गण्डकीमा पनि सरकार पुनर्गठन गर्न गठबन्धनलाई मुस्किल परेको छ । ६० सदस्यीय गण्डकी प्रदेशमा सरकार गठनका लागि ३१ सांसद चाहिन्छ । यहाँ एमालेको २२ जना र माओवादीको ८ जना सांसद छन् । गठबन्धनमै रहेको एउटा दल नेकपा एसका सांसद रहेका दीपक मनाङे पार्टी परित्याग गरेर कांग्रेस सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकारमा भौतिक पूर्वाधारमन्त्री भइसकेका छन् । यसले गर्दा गठबन्धनलाई सरकार गठनमा झन् मुस्किल हुने देखिएको छ । यहाँ दुई सिटे राप्रपा सरकार गठनका लागि निर्णायक बन्ने भएको छ । यद्यपि, गठबन्धन सरकारलाई राप्रपाले समर्थन गर्छ कि गर्दैन ? प्रदेश अध्यक्षसँगको समन्वयपछि पार्टी केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले निर्णय लिनेछन् । राप्रपाको समर्थन पाए त्यहाँ गठबन्धनको सरकार बन्छ । होइन भने प्रदेश मध्यावधिनजिक पुग्ने छ ।

८७ सिट रहेको लुम्बिनी प्रदेशमा नेकपा सरकार गठनका लागि ४४ सिट आवश्यक हुन्छ । यहाँ गठबन्धनको मुख्य दल एमालेसँग २९ र माओवादीसँग ११ जना सांसद छन् । यी दुई दलको सांसद संख्या ४० जना हो । जसपासँग तीन जना सांसद छन् । तर, उनीहरू पार्टीका नेता मोहम्मद इस्तियाक राई निकट हुन् । राई पार्टी अध्यक्ष उपेन्द्र यादवसँग असन्तुष्ट छन् । यस कारण लुम्बिनीका तीनै जना सांसदले यादवको निर्देशनलाई अटेर गरेर कांग्रेस सरकारलाई समर्थन गर्न सक्ने चर्चा पनि छ ।

चार सिट रहेको नागरिक उन्मुक्ति पार्टी प्रदेश गठबन्धनबाट अलग छ । यसले गर्दा यहाँ पनि गठबन्धनले डिल्ली चौधरी नेतृत्वको सरकार ढालेर नयाँ सरकार पुनर्गठन गर्न सकेको छैन । विकसित राजनीतिक घटनाक्रमलाई आधार मान्दा चौधरी नेतृत्वकै वर्तमा सरकारले निरन्तरता पाउने सम्भावना देखिएको छ ।

कर्णालीमा भने सरकारको नेतृत्व एमालेले मागेपछि विवाद सिर्जना भएको छ । त्यहाँ राजकुमार शर्मा मुख्यमन्त्री रहेको माओवादी सरकार छ । तर, एमालेले मुख्यमन्त्री मागेपछि माओवादीले कांग्रेससँग सहकार्य गर्नेसम्मको चेतावनी एमालेलाई दिइसकेको छ । यहाँ सरकार पुनर्गठनका लागि भने आवश्यक बहुमत गठबन्धनसँग छ । कांग्रेस यसअघि नै राजीनामा बुझाएर सरकारबाट बाहिरिसकेको छ ।

४० सिट रहेको प्रदेशमा सरकार गठनका लागि २१ सांसद चाहिने भए पनि एमाले, माओवादी र नेकपा एसको गरी २४ जना सांसद छन् ।

सुदूरपश्चिम प्रदेशमा पनि सरकार पुनर्गठन भएको छैन । ५३ सदस्यीय प्रदेश संसद्मा २७ जना सांसद सरकार गठनका लागि आवश्यक हुन्छ । यहाँ माओवादीसँग ११, एमालेसँग १० र नेकपा एससँग चार जना सांसद छन्। सांसद संख्या २५ मात्रै पुग्छ, गठबन्धनको । यहाँ निर्णायक रहेको नागरिक उन्मुक्तिसँग सात जना सांसद छन् । तर, उन्मुक्तिले कांग्रेसबाट मुख्यमन्त्री भएका कमलबहादुर शाह नेतृत्वको सरकारलाई दिएको समर्थन यथावत कायम राख्ने निर्णय गरेको छ । यसले गर्दा यहाँ पनि गठबन्धनले सरकार पुनर्गठन गर्न तत्काल नसक्ने भएको छ ।

यद्यपि, माओवादी सचिव गणेश साहले छिट्टै सबै प्रदेशमा गठबन्धनको आलोपालो सरकार हुने दाबी गरे । 'कार्यदलमा अहिले छलफल भइरहेकै छ, कहाँ कसरी सरकार पुनर्गठन गर्ने भन्नेमा, कार्यदलले टुंगो लगाउनेबित्तिकै गठबन्धन अघि बढ्छ', उनले भने ।

गत २१ फागुनमा केन्द्रमा कांग्रेस-माओवादीसहितको गठबन्धन भत्केको हो । तत्कालीन गठबन्धन भत्काइनुमा कांग्रेस जिम्मेवार रहेको प्रधानमन्त्री पुष्पकमल दाहालले आरोप लगाउँदै आएका छन् । तर, परिवर्तीत गठबन्धनले प्रदेशहरूमा सरकार पुनर्गठन गर्न सकेकै छैन ।

●●●

### प्रधानमन्त्रीले सुनेनन्...

पोखरा महानगरपालिकाले बनाएको ४५० पृष्ठको प्रतिवेदनमा ८० जनाको नाम सहकारीको रकम अपचलनमा किटानी गरिएको छ । तर सरकारले भने अहिलेसम्म १९ लाईमात्र प्रतिवादी बनाएको र लामिछानेलाई छानबिनको दायरामा नल्याएको उनीहरूको दाबी छ ।

समितिका सभापति खतिवडाले यो प्रतिवेदन छिट्टै बैठकमा पेश गरी छलफल अघि बढाउने वचन दिए । 'वर्तमान गृहमन्त्री पनि सामेल हुनुहुन्छ भनेर मैले सुनेको थिएँ । पोखराका साथीहरूले सचेत पारिदिनुभयो । हामीले सरकारलाई नै आग्रह गर्ने हो । जुनसुकै सरकार भए पनि पीडितको पक्षमा न्याय गर्छ भन्ने विश्वास हामीले लिएका छौ । अहिलेको सरकारको नारा नै सुशासन छ,' खतिवडाले भने, 'कुनै बैठकमा पेश गर्ने गरी यो अघि बढ्छ । हामी समितिमा छलफल गर्छौं ।'

प्रधानमन्त्री दाहालले भने गृहमन्त्री लामिछानेको बचाउ गर्दै आएका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले लगातार संसद अवरोध गरेपछि चैत ६ गते सदनमा प्रधानमन्त्रीले लामिछाने सहकारी ठगी प्रकरणमा संलग्न नरहेको दाबी गरे ।

१८ हजार ७ सय बचतकर्ताको करिब १ अर्ब ४० करोड रूपैयाँ हिनामिना भएको संघर्ष समितिको दाबी रहेको छ । उनीहरूले माघको तेस्रो साता प्रहरीमा उजुरी दिए पनि अनुसन्धान अगाडि नबढेको आरोप लगाएका छन् ।

माघ २२ गते उनीहरूले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, पूर्व उपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दीपेश पुन लगायतका व्यक्ति र संस्था गरेर १८ जना विरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिएका थिए । उनीहरूले नेचर हर्ब प्रालि, नेचर नेस्ट प्रालि, वारीसान इन्फओमेसन टेक्नोलोजी, स्प्रङउड रियल स्टेट एन्ड हाउजिङ, चोनी क्यापीटल प्रालि, ग्रीजी स्पुन प्रालि, गोर्खा ग्रुप इन्भेष्टमेन्ट प्रालि, स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी, सानो पाइला बचत तथा ऋण सहकारी, साहारा बहुउदेश्यीय सहकारी चितवन, सुप्रीम बचत तथा ऋण सहकारी, जीबी ग्रुप कम्पनी प्रालि र गोर्खा आर्युवेदिकविरुद्ध उजुरी दिएका छन् ।

दीपेश चैत २ गते पक्राउ परेका थिए । बुटवलको एक सहकारीको हिनामिना गरेको आरोपमा उनी माथि अनुसन्धान भइरहेको छ । सहकारीका सञ्चालक गितेन्द्रबाबु राई (जीबी) भने फरार छन् । उनी मलेसियामा लुकेको प्रहरीको शंका छ । उक्त संस्थाबाट बचतकर्ताको १ अर्ब ३५ करोड रूपैयाँ भन्दा बढी ठगी गरेको प्रहरीको अनुसन्धानमा देखिएको छ । अनुसन्धानपछि तयार गरेको प्रतिवेदनअनुसार १ अर्ब ३५ करोड ५३ लाख ५४ हजार रूपैयाँ ठगी गरेको खुल्न आएको हो । गत साउन २२ गते उजुरी परेपछि प्रहरीले अनुसन्धान थालेको थियो । एक हजार ३७ जनाले आफू ठगिएको भन्दै प्रहरीमा उजुरी दिएका छन् ।

●●●

### सहज बनाइादै...

स्वीकृति प्रक्रियालाइ सरल र सहज बनाउन अबदेखि व्यक्तिगत श्रम स्वीकृतितर्फ २२ जना कर्मचारीले नै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाउने मन्त्रालयको तयारी छ ।

हाल पुनः श्रम स्वीकृतिको लागि दैनिक एक हजार ५०० देखि दुई हजार र एक हजार जनाले नयाँ श्रम स्वीकृतिको लागि आवेदन दिने गरेको श्रम कार्यालयले जनाएको छ । अझैपनि टोकन प्रणालीमा चलिरहेको सेवा प्रवाहलाई सहजै सेवाग्राहीको हातहातै (मोबाइल) मा पु¥याउन मन्त्रालयले अवश्य गृहकार्य गरिरहेको पनि सचिवालयले उल्लेख गरेको छ ।

# दिल्लीका मुख्यमन्त्री केजरीवाल पक्राउ



**नयाँ दिल्ली–** नयाँ दिल्लीका मुख्यमन्त्री अरबिन्द केजरीवाल पक्राउ परेका छन् । भारतको सम्पत्ति शुद्धिकरण सम्बन्धी अनुसन्धान गर्ने निकाय इन्फोर्समेन्ट डाइरेक्टोरेट (इडी)ले बिहीबार साँझ केजरीवाललाई पक्राउ गरेको छ ।

मुख्यमन्त्री निवासमा छापा मारेको केही घण्टापछि केजरीवाललाई पक्राउ गरेको हो । केजरीवाल सरकारले ल्याएको मदिरा बिक्री सम्बन्धी नीतिमा घोटाला गरेको भन्दै उनलाई सुरूमा दुई घण्टा सोधपुछ गरिएको थियो । आफूलाई पक्राउ गरेको विरूद्ध भारतको सर्वोच्च अदालतमा रिटसमेत दर्ता भइसकेको छ ।

यस मुद्दामा पूर्व डेपुटी मुख्यमन्त्री मनिष सिसोदिया, कारोबारी विजय नायर, अभिषेक बोइनपल्ली र आमआदमी पार्टीका राज्यसभा सांसद संजय सिंह पक्राउ परेका छन् । आम आदमी पार्टीका नेताहरूले मुख्यमन्त्री केजरीवालले हिरासतबाटै सरकार चलाउने बताएका छन् ।


## लक्ष्मीधारा बचत तथा ऋण सहकारी संस्था लिमिटेड

काठमाडौं म.न.पा. वडा नं. १४, कुलेश्वर, काठमाडौं

फोन नं ०१-५१६५२२१, ५१६५१८०

### कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८०/१२/०९ (शुक्रबार)

यस संस्थाबाट तपसिल उल्लेखित ऋणीले तपसिलमा उल्लेखित धितो दृस्टी बन्धक राखी लिएको कर्जाको तिर्न बुझाउन पर्ने साँवा ब्याज आदि रकम नतिरी नबुझाई कर्जा सम्बन्धी सर्त बन्देजहरु उलंघन गरेको तथा संस्थाले पटक पटक लिखित एवं मौखिक रुपमा तरताकेता गर्दा पनि आलटाल गरि बुझाउनु पर्ने कर्जा भुक्तान गर्न नआएकोले नाम नामेशी विवरण सहित यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई आफुले लिएको कर्जाको साँवा ब्याज, हर्जना लगायतका सम्पूर्ण रकम यथाशीघ्र भुक्तान गरि आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन अनुरोध गरिन्छ । अन्यथा सहकारी ऐन, नियम, संस्थाको विनियम अनुसार काम कारवाही हुने ब्योहोरा यसै सूचना मार्फत जानकारी गरिन्छ ।

तपशिल

| क्र.स. | ऋणिको विवरण | व्यक्तिगत जमानीकर्ता | धितोको विवरण |
|---|---|---|---|
| १. | आनन्द बहादुर के सी को छोरी नकुल खड्काको श्रीमती नागरिकता अनुसार बागमती अंचल काठमाडौं जिल्ला मनमैजु गा.वि.स./न.पा. वडा नं. ०३ (बागमती प्रदेश, काठमाडौं मा न.पा. मनमैजु) स्थायी घरभई हाल बागमती प्रदेश काठमाडौं जिल्ला कामनपा मनमैजु बस्ने (ना.प्र.नं ३५७४/काठमाडौं) रहेका शान्ति खड्का | लोक बहादुर खड्काको नाति श्री नकुल खड्काको छोरा बाग्मती अन्चल काठमाडौं जिल्ला मनमैजु गा.वि.स./नपा वडा नं. ०३, घरभई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा मनमैजु बस्ने (ना.प्र.नं १०६०/९९३९/काठमाडौं) रहेका श्रावण खड्का | शान्ति खड्काको नाममा मा.पो.का. ललितपुर मा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला झरुवारासी-८ (क) को कि.न. ७३७ क्षे.फ. २८६.१७ वर्ग मिटरको जग्गा |

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१२/०९ गते)

श्री तेज सागर कक्षपति/न्हुछे लक्ष्मी कक्षपतिको छोरा, कपीलेश्वरी धौभडेलको श्रीमान भक्तपुर जिल्ला, भक्तपुर न.पा वडा नं. ०६ बस्ने जय सागर कक्षपतिको मिति २०८०/११/०५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको भक्तपुर शाखामा रहेको बचत खाता नं..१३५०२६७८६०७०००01 मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती ले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय भक्तपुरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय भक्तपुर फोन नं. ०१-६६१०३००

## PANCHKHAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVES
### PANCHKHAL, KAVREPALANCHOK
### BAGMATI PROVINCE, NEPAL

### Invitation for Bids

**Date of publication: 2080/12/09**

Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction work (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT & PS) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1. | PMW1/NCB/ WORKS/02/2080/81 | KOTYANG SAHARI SWASTHYA KENDRA BHAWAN NIRMAN | 9,90,065.58/- | 25,000/- | 3,000/- |

| Code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. 11691 | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001(ग१.१ पाँचखाल न. पा., आन्तरिक राजश्व खाता)(for bid fee) 12403000003000000001 (for bid security) धरौटी खाता | Panchkhal Municipality Office at 2:00 PM, 2080/01/02 | on or before 12:00 Noon on 2081/01/09 | 2081/01/09 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: KOH SAMUI AUTHENTIC THAI SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/०७ | LT. No.302058 | चलानी नं. ६०२१६९७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 5 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd. Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOKA PLASTIC INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 302152 | चलानी नं. ६०२१७०१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

918/067/68 SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email: sunray918@gmail.com, srgoverseas@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SELECTIVE MANPOWER SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 302092 | चलानी नं. ६०२१६९८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Hand | 100 | 0 | 900 | ३२,६१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Loading unloading Helper/warehouse helper | 50 | 0 | 900 | ३२,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR — PREMIUM HUMAN RESOURCE
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

# दमकडाको भिडियो लोकप्रिय बन्दै



**काठमाडौं (प्रस)–** अभिषेक घिमिरे शिक्षा अभियन्ता हुन् । बृहत राष्ट्रिय शिक्षा अभियानका संयोजक अभिषेक घिमिरेसँग लिएको हालै लिएको एक अन्तर्वार्ता सामाजिक सञ्जालमा निकै मन पराइएको छ ।

घिमिरेले आफ्नो फेसबुक वालमा राखिएको उक्त भिडियो १२ लाख जनाले हेरेका छन् । उक्त भिडियो ५५ सयपटकभन्दा बढी सेयर समेत गरिएको छ । साढे २१ मिनेटको यो भिडियो न त घर झगडाको हो न त कुनै भाइरल मान्छेको विवादित विषय नै । भिडियोमा दुई बालबालिकाले शिक्षा अभियन्ता घिमिरेसँग सामुदायिक शिक्षासम्बन्धी कुराकानी गरेका छन् ।

प्रस्तोता पाल्पाको दमकडा नमुना माविमा कक्षा ७ मा अध्ययनरत ओजस्वी आचार्य र कक्षा १२ का इजन श्रेष्ठ हुन् । 'बालबालिकासँग बालबालिका' रेडियो कार्यक्रमका लागि उक्त अन्तर्वार्ता चैत ४ गते विद्यालयकै स्टुडियोमा रेकर्ड गरिएको हो । उक्त कार्यक्रम सामुदायिक रेडियो मदनपोखराबाट प्रत्येक आइतबार साँझ ५.३० बजे प्रसारण हुन्छ । यही भिडियोलाई अभिषेकले आफ्नो फेसबुक वालमा राखेका हुन् । 'कक्षा ७ मा अध्ययनरत यी नानीको बोल्ने, प्रश्न गर्ने शैली बिबिसिजस्ता ठूला मिडियाका पत्रकारको भन्दा कम छैन । विद्यालयले प्ल्याटफर्म मात्र दिने हो भने यस्ता हजारौं, लाखौं प्रतिभाको बिस्फोट हुनेथियो । त्यसैले, अबको युगमा सिकाइलाई तीन घन्टे परीक्षाले मात्र होइन, विश्वस्तरमा बिक्ने यस्ता सीप पनि विद्यालयले प्राथमिकताका साथ सिकाउनु जरुरी छ,' घिमिरेले यही क्याप्सन राख्दै भिडियो सेयर गरेका हुन् ।

उसो त भिडियो विभिन्न पेजले फरक फरक समयमा अपलोड गरी सेयर जारी रहेको छ । यस्तो विषय सेयर हुँदा आफूलाई निकै खुसी लागेको घिमिरे बताउँछन् । 'सकारात्मक कुरा गर्दा पनि त हुने रहेछ । सुधार र निर्माणका कुरा पनि त मानिसले रुचाउने रहेछन् । आशा जगाउने कुरा पनि त मानिसले सुन्न चाहेका रहेछन्,' अर्यालले भने ।

सरकारी विद्यालयहरू बिग्रेका छन् काम छैनन् भन्नेहरूका लागि यो भिडियो कन्टेन्ट बलियो उदाहरण भएको उनको भनाइ छ । 'प्राय सामुदायिक विद्यालय कमजोर हुन्छन्, सामुदायिक विद्यालय बिग्रिएका मात्र छन्, सबै भताभुंग र लथालिङ्ग मात्र छन् भन्ने भ्रम चिर्दै सामुदायिक विद्यालय उत्कृष्ट बन्दैछन् , विश्व स्तरीय बन्दै छन् , 'प्रतिस्पर्धी बन्दै छन् भन्ने संदेश दिन यो भिडियो सफल भएको छ भन्ने मलाई लागेको छ,' उनले भने ।

दमकडा मावि पाल्पाको उत्कृष्ट सामुदायिक विद्यालयको सूचीमा पर्दै आएको छ । तानसेन नगरपालिका ९ दमकडामा रहेको दमकडा माध्यमिक विद्यालयले जिल्लामै पहिलो पटक सामुदायिक विद्यालयतर्फ ब्रिटिस काउन्सिलले प्रदान गर्ने इन्टरनेसनल स्कूल अवार्ड २०२०-२३ पाएको थियो । कक्षा १ देखि नै अंग्रेजी माध्यमबाट पढाई हुने यो विद्यालयमा १ देखि १२ सम्म १०१० विद्यार्थी रहेको अध्यक्ष राजेशकुमार अर्यालले बताए । विद्यार्थीका लागि दमकडाले ४ वर्षअघिबाट बालबालिकासँग बालबालिका कार्यक्रम सञ्चालनमा ल्याएको थियो ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१२/०९ गते)

हरि नारायण मुखर्जीको नातीनी, शिवराम मुखर्जीको छोरी, पर्सा जिल्ला विरगंज महानगरपालिका वंडा नं १०, बस्ने श्रीमति नमिता बनर्जीको मिति २०८०/०४/१९ गते मृत्यु भएकोले निजको नाममा यस बैंक शाखामा रहेको बचत खाता नं. ००३०००४५९६३००००१ र मुद्दती खाता नं. ००३०००४५९६३०००१० मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको छोरा चन्दन बनर्जीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दावी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने ब्यहोरा यसै सुचना द्वारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय विरगंज, सम्पर्क नं.-०५१-५२४८१२

## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चौतारा, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८०/१२/०९)**

चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८०।१०।१६ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित बिद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | खरीद कार्यको प्रकृति | सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. |
|---|---|---|---|---|
| १ | CSGM/NCB/GOODS-03/2080/081 | Procurement of Petrol Engine Mini Tiller for Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok | B.D.S NEPAL, Swoyambhu, Kathmandu | ५४,४३,३०९.०० |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

## जनजागृति माध्यमिक विद्यालय

**सोलुदुधकुण्ड नगरपालिका-५, सोलुखुम्बु**

### बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०९**

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यहरू विद्युतीय बोलपत्रको माध्यमबाट सम्पन्न गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक फर्महरूबाट रितपूर्वकको बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | विवरण | विडवण्ड वापतको रकम रु. | वोलपत्र दस्तुर रु. | कूल लागत मू.अ.कर र कन्टिजेन्सी बाहेक | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | वोलपत्र दाखिला गर्ने अन्तिम मिति | वोलपत्र खोल्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| 01-Works-NCB-JJM-2080/81 | Construction of Academic School Building Block B 3 Classroom (Ground Floor) | २,५०,००० | ३००० | ८६,२९,०८६।४७ | २०८१/०१/१० दिनको १२ बजेसम्म | २०८१/०१/१० दिनको १२ बजेसम्म | २०८१/०१/१० दिनको २ बजेसम्म |

- वोलपत्र साथ मु.अ.कर दर्ता फर्म, सस्था वा कम्पनी दर्ता, व्यवसाय दर्ताको इजाजत र आ.व. ०७९/८० को कर चुक्ता पत्र अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ । उक्त आ.व.को कर चुक्ता नभए म्याद थप भएको प्रमाण संलग्न गर्नु पर्नेछ ।
- श्री राष्ट्रिय वाणिज्य वैंक सल्लेरी सोलुखुम्बुमा रहेको जन जागृति मा.वि. को खाता नं. २०२०१००००१४२००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा कार्यालयको नाममा जारी भएको १२० दिनको म्याद भएको वैंक जमानत पेश गर्न'पर्नेछ । वोलपत्र दस्तुर वैंक मार्फत जन जागृति मा.वि. को खाता नं. २०२०१००००१४२००१ मा जम्मा गर्नु सकिनेछ ।
- बोलपत्र सम्बन्धि अन्य विस्तृत कुराहरू बुझ्नु परेमा यस विद्यालयको फोन नं. ०३८-५२०१७७ मा वा विद्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ वा सार्वजानिक खरिद एकाई कार्यालयको वेभ साइड www.bolpatra.gov.np मा हेर्न सकिनेछ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAIWELL INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 302136 | चलानी नं. ६०२१६८९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 35 | 15 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : AMD PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 302150 | चलानी नं. ६०२१६८९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART GLOBAL CAPITAL SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ | LT. No. : 295274 | चलानी नं.: ६०२१०४४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 333/059/60

SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4362338



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOUTHERN LATEX PRODUCTS S.B.

पूर्व स्वीकृति मिति २०७९/०९/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 279086 | चलानी नं. ६०१९४६४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 67 | 0 | 1100 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : UPP PAPER INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 277713 | चलानी नं. ६०१९३२७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1100 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HITEC CEILING T MANUFACTURING (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७४/११/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 206854 | चलानी नं. ६०१२७८१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 4 | 0 | 1000 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ताः रु.२,००२/- कामदार आफैले

सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२३८/०७४/०७५

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BVC ENGINEERING SDN. BHD.

पूर्व स्वीकृति मितिः २०८०/१२/०८ | LT No.302154 | चलानी नं. :६०२१७०१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 4 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ र १७ गते (29 & 30 Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(RED SUN SOLUTIONS PVT.LTD)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI
Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com,
Web: www.redsunemployment.com.np



## मलेशियामा रोजगार

कम्पनीः DIVISION Security Services SDH. BHD.

शहरः MALYSIA

पूर्व स्वीकृती मितिः २०८०/१२/०७ | L T. No. 302007 | चलानी नं. ६०२१६८८५

| सि. नं. | कामदारको पद | माग संख्या (पु.) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 8 | काममा दक्ष | 1500 | ४२,०१५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छैन | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टयाम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार तिर्ने | दिने | कामदार तिर्ने | बिमा हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | ७००।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | निःशुल्क | कामदार आफैंले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, बानेश्वरमा सम्पर्क राख्नुहोला ।

अन्तरवार्ता मितिः २०८०/१२/१५ गते (2024 March 28)

Lic. No.: 565/062/063

NAVAJEEVAN INTERNATIONAL PVT. LTD.
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, Phone No.: 01-4954608, 9841160318

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बजेट वितरणमुखी नबनोस्

सरकारले विनियोजन विधेयक २०८१ माथि व्यापक छलफल गरी नयाँ बजेट ल्याउने तयारी गर्दैछ । आगामी आर्थिक वर्षको बजेट बनाउने तयारीमा जुटेका अर्थमन्त्री वर्षमान पुनले ऋण लिएरै भए पनि बजेटको आकार बढाउने संकेत गरेका छन् ।

देशले धान्नै नसक्ने गरी ऋण लिएर बजेट बढाउन ठीक नहुने यसअघिको पाठ नै हो । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यसअघि केपी ओली सरकारले झारपात उखेल्नै भए पनि आफ्नो कार्यकर्ता भर्ती गराएका थिए । वितरणमुखी उक्त बजेटको चौतर्फी विरोध भएको थियो ।

सरकारले सामाजिक सुरक्षा भत्ताको नाममा पनि वितरणमुखी कार्यक्रमहरू धेरै ल्याउने गर्छ । स्वास्थ्यमा देखिएका विभिन्न समस्यालाई निशुल्क गराउने नाममा सरकारले बाँडेको कार्यक्रम कतिको जनमुखी भएको छ त्यो अध्ययन गरेको छैन । विद्यार्थीलाई प्रमाणपत्रकै आधारमा ऋण दिने गरी ल्याएका कार्यक्रम पनि कार्यकर्ता पोसाउने कार्यक्रम थियो । पुँजीवादी अर्थतन्त्र अँगालेको नेपालमा कांग्रेसको सरकारले नियन्त्रिण बजेट ल्याउने कोशिश गर्छ । तर निवर्तमान अर्थमन्त्री डा प्रकाशशरण महतले संसदीय क्षेत्र विकास कार्यक्रमको नाममा पाँच करोड छुट्याएर सांसदहरू खुसी बनाए । यस्तो लोकप्रिय कार्यक्रमले राज्यकोषलाई भार पर्छ ।

देशमा ऋण बढेको भन्ने तर आवश्यकै नभएको विषयमा रकम छुट्याएर महतले सांसदहरूको मुखमा बुजो लगाउने काम गरेका हुन् । कांग्रेसले कम्युनिस्ट सरकारलाई जहिल्यै 'पपुलर बजेट' बनाउने आरोप लगाउने गर्छ । यसपटक बजेट बनाउने बेला एमाले, माओवादीको गठजोड जमेको छ । यसैले पनि वितरणमुखी बजेट आउनेमा आशंका बढ्न थालेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल यसपटक आफ्नै दलका नेताबाट बजेट ल्याउने पाउने भएपछि दंग छन् । यसो त दाहाल सुशासनको पक्षमा दरो भएर अगाडि बढेका छन् । मन्त्रिपरिषदको बैठकमा खाजा हटाउनेदेखि सचिवालयको सदस्य हटाउने काम दाहालले यसअघि गरिसकेका छन् ।

तर यी मसिना कामले आर्थिक मन्दीले दपेट्न अझै छाडेको छैन । जग्गाको भाउ ओरालो लागेको छ । युवाहरू विदेशिने क्रम बढ्दो छ । यस्तो बेला आशालाग्दो उन्नति कतैबाट सुनिएको छैन । देशको कोषबाट ऋण र ब्याज गरी प्रतिवर्ष तीन खर्ब ३१ अर्ब ऋण यही वर्ष तिर्नुपर्ने अवस्था छ । आउँदो वर्ष यो दायित्व अझ बढ्न सक्छ । गत वर्ष सरकारले १७ खर्ब ५१ अर्बको बजेट ल्याएको थियो । लक्षित उद्देश्य पुरा नहुनेदेखिएपछि निवर्तमान अर्थमन्त्री महतले बजेटको आकारमा कटौति गरेका थिए । यस्तो अवस्थामा सरकारले खर्चमा मितव्ययिता अपनाउन सक्नुपर्छ । ऋण लिएर कार्यकर्ता पोस्ने बजेट ल्याएर देशको थाप्लोमा थप भार पर्ने कार्यक्रमहरूको बीउ रोप्नै हुन्न ।

# सडक दुर्घटनाको डरलाग्दो तथ्य



▶▶ शुक्रऋषि चौलागाई

> सरकारले दुर्घटना न्यूनीकरणको लागि कस्तो मार्गमा कस्ता प्रकृतिका गाडी गुड्न दिने, कति संख्यामा गुडन दिने भन्ने स्पष्ट मापदण्ड नै बनाएको छैन । सवारीसाधनको भार/क्षमताको नियमन गर्ने कुनै निकाय नै छैन । अहिलेसम्म सोको आवश्यकता पनि महसुस गरिएको छैन । जबकि भार बढी भएमा सडक कमजोर भई दुर्घटना निम्तिने हुन्छ । दुर्घटनालाई केवल दुर्घटना वा भवितव्य घटनाका रूपमा मात्र लिइनु मूर्खता हो ।

बागलुङको निसीखोला गाउँपालिका-६ स्थित जाउलेपानीमा सोमबार बस दुर्घटना हुँदा नौजनाको मृत्यु भएको छ भने २८ जना घाइते भएका छन् । रुकुम पूर्वबाट काठमाडौं जाँदै गरेको बस सोमबार साँझ मध्यपहाडी लोकमार्गमा दुर्घटनामा भएको हो । यस्तै सोमबार नै पश्चिम दाङमा यात्रुवाहक जिप पल्टिँदा घाइते भएकामध्ये एकजनाको मृत्यु भएको छ । पश्चिम दाङको गँगटेबाट तुलसीपुरका लागि छुटेको जिप भाङाबारी नजिकै उकालोमा पल्टिँदा सातजना घाइते भएका थिए । दिनहुँजस्तै यस्ता दुर्घटनाबाट जनधनको क्षति हुने गरेको छ ।

दुई महिनाअघि यात्रुवाहक बस भालुवाङको पुलबाट तल राप्ती नदीमा खस्यो । नेपालगञ्जदेखि काठमाडौं गइरहेको उक्त बस राति १० बजेतिर एक्कासि पुलको रेलिङ भत्काउँदै तल खसेको थियो । बस राप्ती नदीमा खस्दा १२ जनाको मृत्यु भयो भने २० जना घाइते भए । घाइतेहरूको उद्धार गर्न नै दुई घण्टा लाग्यो ।

यस्तै एक महिनाअघि महेन्द्रनगरबाट काठमाडौंतर्फ जाँदै गरेको बस कपिलवस्तुको शिवराज नगरपालिकाको सुरईमा दुर्घटनामा पर्‍यो । राम्रै अवस्थाको बाटोमा भएको दुर्घटनामा पनि १० जनाको मृत्यु भयो । त्यसअघि पाल्पाको मस्याममा पनि जिप दुर्घटना हुँदा १० जनाको मृत्यु भएको थियो । १३ जनामात्र चढ्न मिल्ने जिपमा २६ जना चढेको पाइएको प्रहरीले बताएको थियो । क्षमताभन्दा अधिक भार र कच्ची बाटो नै दुर्घटनाको मुख्य कारण रहेको नेपाल प्रहरीको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनीले जनायो । माथिका दुई दुर्घटना भने तीव्र गतिकै कारण भएको पनि प्रहरीको प्रतिवेदन छ ।

यी प्रतिनिधिमूलक सवारी घटना हुन् । ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरणका लागि अनेक प्रयास गरिरहे पनि दिनहुँजसो दुर्घटना भइरहेका छन् । सडक, चोकलगायत विभिन्न स्थानमा ट्राफिक प्रहरीले जाँच गरिरहँदा पनि सवारी चालकले क्षमताभन्दा बढी यात्रु राख्ने, तीव्र गतिमा गुडाउने र ट्राफिक नियम मिच्ने गरिरहेका छन् । राजमार्गमै त यस्ता घटनाहरू भइरहेका छन् भने ग्रामीण सडक/बाटोहरूमा चल्ने सवारीसाधनहरूको अवस्था कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ ।

देशभरमा कहीँ न कहीँ हरेक दिन साना-ठूला दुर्घटना भइरहेका छन् । ती दुर्घटनामा ठूलो जनधनको क्षति पनि भइरहेको छ तर पनि राज्य आफ्ना नागरिकको अनाहकमा ज्यान गइरहँदा पनि गम्भीर बनिरहेको पाइएको छैन । सवारी दुर्घटना किन र कसका कारण, कसरी भइरहेको छ ? दुर्घटनाको वास्तविकता के हो ? भन्नेसम्म पत्ता लगाउन कसैले जरुरी ठानेको देखिँदैन । जबकि दुर्घटनापछि अध्ययन/अनुसन्धान गरी दोषीलाई कारबाही र पीडितलाई न्याय, क्षतिपूर्ति दिन सक्नुपर्थ्यो । दुर्घटनाको वास्तविकता पत्ता लगाई न्यूनीकरणका लागि दीर्घकालीन रणनीति र योजना बनाउन कस्सिनुपर्थ्यो । तर सरकारले त्यसमा कुनै प्रभावकारी कदम नै चालेको छैन ।

सरकारले दुर्घटना न्यूनीकरणका लागि कस्तो मार्गमा कस्ता प्रकृतिका गाडी गुड्न दिने, कति संख्यामा गुडन दिने भन्ने स्पष्ट मापदण्ड नै बनाएको छैन । सवारीसाधनको भार/क्षमताको नियमन गर्ने कुनै निकाय नै छैन । अहिलेसम्म सोको आवश्यकता पनि महसुस गरिएको छैन । जबकि भार बढी भएमा सडक कमजोर भई दुर्घटना निम्तिने हुन्छ । दुर्घटनालाई केवल दुर्घटना वा भवितव्य घटनाका रूपमा मात्र लिइनु मूर्खता हो । कुनै दुर्घटनाका पछाडि गम्भीर कारण हुन्छन् । कहीँ न कहीँ कसै न कसैको धेरथोर लापरबाही र कमजोरीकै कारण दुर्घटना वृद्धि भइरहेका छन्, हुन्छन् ।

सडक दुर्घटनामा लुम्बिनी प्रदेशमा २०७७ देखि अहिलेसम्म एक हजार ८६१ जनाको ज्यान गएको छ । सो अवधिमा भएका सडक दुर्घटनामा तीन हजार ६८९ जना गम्भीर घाइते भएका छन् भने दुई हजार २७७ जना सामान्य घाइते भएका छन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय लुम्बिनीको पछिल्लो तथ्यांकअनुसार चारवर्षे अवधिमा चार हजार १२ वटा सवारी दुर्घटना भएका छन् । सबैभन्दा बढी दुर्घटना र मृत्यु रूपन्देहीमा भएको तथ्यले देखाएको छ । ट्राफिक प्रहरीका अनुसार सवारी दुर्घटनामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएका छन् । तीव्र गति र मापसेकै कारण अधिकांश दुर्घटना भएको पनि प्रहरीको भनाइ छ । यी सबै तथ्यले प्रस्ट देखाउँछ- दुर्घटनासँगै ज्यान जाने र घाइते हुनेको संख्यामा कुनै कमी आएको छैन ।

नेपाल प्रहरीको तथ्यांकअनुसार नेपालमा पछिल्लो पाँच वर्षमा सडक दुर्घटनामा परी १२ हजार ६१२ जनाको मृत्यु भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा मात्र ३५ हजार ७५४ वटा सडक दुर्घटनाका घटना भएका छन् । सडक दुर्घटनामा ज्यान गुमाउनेको पछिल्लो तथ्यांकअनुसार १० वर्षे सशस्त्र द्वन्द्वमा ज्यान गुमाउनेको संख्याभन्दा सो अवधिमा दुर्घटनामा ज्यान गुमाउनेको संख्या बढी छ । अर्थात् द्वन्द्वमा दैनिक ज्यान गुमाउनेको दरभन्दा दुर्घटनामा ज्यान गुमाउनेको दर बढी छ ।

सडक दुर्घटनाका कारण नेपालमा बर्सेनि औसतमा दुई हजार ५०० भन्दा बढीको ज्यान जाने गरेको भए पनि यस्ता मानवीय त्रुटि कम गर्ने सम्बन्धित पक्षले खासै ध्यान नदिएको विज्ञहरूको आरोप छ । सडक सुरक्षामा संवेदनशील नहुँदा हरेक वर्ष दुर्घटनाबाट ठूलो मानवीय क्षति हुँदै आएको छ । नेपालमा सवारीसाधनको संख्याका हिसाबले दुईपांग्रे सवारीसाधन दुर्घटनाको संख्या धेरै रहेको छ तर मानवीय क्षति धेरै गराउने सवारीसाधनमा भने यात्रुवाहक सवारीसाधनको संख्या धेरै रहेको छ । प्रहरीको अध्ययनमा पाँच कारणले सडक दुर्घटना भएको औंल्याइएको छ- चालक, सवारीसाधन, सडक पूर्वाधार, यात्रु र मौसमका कारण । यसमा पनि चालक र सवारीसाधनका कारण भएको दुर्घटना अधिक भएको देखिन्छ ।

नेपालमा लगभग एक लाख किलोमिटर सडक छन् । यस्ता सडकहरू कति सुरक्षित छन् भनेर हेर्ने निकाय नै छैन । सडक विभाग सानो क्षेत्रमा मेरो सडक भनेर बस्ने, प्रदेश र स्थानीय तह आफ्नो क्षेत्रको सडक र त्यसको सुरक्षाबारे आपसी समन्वय र उत्तरदायी नबन्दा दुर्घटना दोहोरिइरहेका छन् । संसारमा सडक दुर्घटनामा सबैभन्दा ठूलो मृत्युको कारण तीव्र गति देखिएको छ । कूल दुर्घटनामा ४० देखि ५० प्रतिशत मृत्यु तीव्र गतिकै कारण भएको छ । नेपालजस्तो मुलुकमा सडक दुर्घटना बढ्नुमा दुईपांग्रे सवारीसाधन धेरै हुनु हो । नेपालमा दर्ता भएका कूल सवारीसाधनमा ८० प्रतिशत सवारीसाधन दुईपांग्रे छन् र यसका प्रयोगकर्ता सुरक्षाका मामलामा कमजोर छन् । यसले दुर्घटना निम्त्याइरहेको छ ।

क्षमताभन्दा बढी यात्रु, साँघुरो सडक त्यसमाथि जीर्ण अवस्था, अपरिपक्व र अदक्ष चालक, सवारीसाधनको नियमन गर्ने निकायको अभाव, सडक संकेतको अभाव, यातायात व्यवसायी समितिको सिण्डिकेट आदि पनि दुर्घटनाका कारण मान्न सकिन्छ । बनेका कानुन नियमको पूर्ण पालना छैन । कुन मार्गमा कस्ता गाडीहरू चल्न दिने त्यसको यकीन मापदण्ड नै बनाइएको छैन । यातायात व्यवसाय समिति, यातायात व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा छ । यात्रुलाई सेवासुविधा दिनेतर्फ सम्बन्धित निकाय र सरकारको ध्यान छैन ।

भौगोलिक विकटतासँगै साँघुरा र अव्यवस्थित मार्गहरू छन् । कच्चीबाटो छ । खोला नदीमा पुल पुलेसा छैनन् । गाडी हाँकिरहेका बेला मोबाइल फोन चलाउनु, थोत्रा र पुराना गडी हुनु, यात्रुको चापअनुसारको सवारीसाधन नहुनु, अगाडिका गाडीलाई उछिन्न खोज्नु या अगाडि जान खोज्नेलाई ठाउँ नदिनु, क्षमताभन्दा बढता यात्रु र सामग्री राख्नु, सवारीसाधनको मर्मत नगर्नु, तीव्र गतिमा कुदाउनु, मदिरा सेवन गरी चलाउनु, अदक्ष सहयोगी, मालिक, कन्डक्टरले गाडीले चलाउनु, यात्रुहरूले पनि ट्राफिक व्यवस्थालाई सम्मान नगर्नु, जहाँतहींबाट बाटो काट्नु, पैसा खुवाएर लाइसेन्स ल्याउनु, पर्याप्त सवारीसाधन नभएर बाध्य भएर चढ्नु पनि दुर्घटना बढावाका प्रमुख कारण हुन् ।

ट्राफिक प्रहरीले नियम मिच्ने चालकलाई कारबाही पनि गरेको छ तर पनि सडक दुर्घटना बढ्दै गएको देखिन्छ । पछिल्लो समय प्रहरीले ट्राफिक सचेतनाका अभियान पनि बढाएको छ । दुर्घटनालाई पूर्णतयाः रोक्न नसकिए पनि क्षति कम गर्न भने सकिन्छ । सरोकारवाला निकायले कुनै पनि दुर्घटना हुनेबित्तिकै छानबिन गरी वास्तविकता सार्वजनिक गर्ने र समस्या समाधानको हल गर्ने प्रयास गर्नुपर्छ । दुर्घटना न्यूनीकरणका उपायबारे नीति बनाई कार्यान्वयन गरिनुपर्छ । ऐनविपरीत सवारी चलाइएको छ कि छैन ? दिनहुँ अनुगमन गर्ने व्यवस्था मिलाइन जरुरी छ । सडकको अनुशासन र गुणस्तरबारे चालक, यातायात व्यवसायी र सहयोगीलाई बुझाउन जरुरी छ । ट्राफिक सचेतना अभियानका कार्यक्रम निरन्तर सञ्चालन गरिनुपर्छ ।

सडक दुर्घटना राज्यको समस्या हो । नागरिक दुर्घटनामा पर्दा राज्यलाई दुख्दैन र त्यो जसलाई पर्‍यो, उसैले भोग्ने हो भन्ने अवस्था रहेसम्म सडक दुर्घटना रोकिन्न । तथापि, सडक प्रयोगकर्ता, सडकका चालक, यात्रु आफैं पनि सचेत हुन भने जरुरी छ । जनताको जीउधनको सुरक्षा गर्ने जिम्मेवारी राज्यको हो, त्यो दायित्वबाट राज्य कुनै पनि बहानामा पन्छिन मिल्दैन । *रासस*

## मननयोग्य

### चाणक्य नीति

चाणक्य प्रदर्शनबाट धेरै टाढा थिए । उनका लागि केही कुनै आकर्षक वस्तु थिएन । एकपटक सबैतिर हेर्दै उनको दृष्टि राक्षसमा आई अडियो ।

उनले राक्षसका आँखामा आँसु देखे अनि नम्र स्वरमा गम्भीर बन्दै भने- 'महामात्य ! सुख जति बढ्छ दुःख त्यसभन्दा दुई पाइला अगाडि बढेको हुन्छ । सुखका लागि दुःख गर्नु नै जीवनको ध्येय हो ।

भारतवर्षका महामात्यमा कष्ट उठाउने क्षमता छ, मलाई विश्वास छ, राक्षस रहुन्जेल यो सारा राज्य सुरक्षित छ । यही नै विश्वास मेरो विदाइका बखत सबैभन्दा ठूलो सुख हुनेछ ।'

'राक्षसको मुखको भाव अत्यन्तै विह्वल पार्ने खालको थियो । उनका आँखाबाट आँसुका धारा बगिरहेका थिए । उनी अवरुद्ध घाँटीले भन्दै थिए- 'तपाईंले सम्पूर्ण कुरा दिएर आज मेरो सर्वस्व लुट्नुभयो । म जान्दैनथें, चाणक्यका हृदयमा दया र त्यागको अतुलित भण्डार पनि लुकेको छ, राज्यको सम्पूर्ण सुखमा जीवनभरि आचार्यको अभावले मुटु घोचिरहनेछ ।'

यिनै स्वरहरूसँगै उपस्थित सबै प्राणी स्तब्ध भए । चन्द्रगुप्तका आँखामा बलिन्द्रधारा आँसु थिए, राजा पुरु, कुमार मलय, भावविह्वल भए, चन्द्रगुप्तले निहुरिएर चाणक्यका चरण स्पर्श गरे ।

सम्राट्का आँसुले भारतवर्षका शिल्पीका चरण भिजेर चन्द्रगुप्तलाई उठाई अंकमाल गरे, नवोली र काँध थपथपाएर आफ्नो आशीर्वाद प्रदान गरे ।

भावविह्वल हुँदै राक्षस चाणक्यसँग अंगालो हाल्न पुगे । आँखावाट अविरल गतिले वगेका अश्रुधाराले चाणक्यका वस्त्र र शरीर दुवै भिजे । त्यहाँ कोही पनि यस्ता थिएनन् जसका नेत्र अश्रुपूर्ण नहोऊन् अनि गला अवरुद्ध' नभएको होस् ।

चाणक्य हिंडे, आफ्नो जाने ठाउतिर जहाँ ज्ञान र कर्तव्यको अथाह भण्डार चाणक्यका प्रतीक्षामा बसेको थियो । चाणक्य बनको गहिराइमा लुप्त हुदै गए प्रकाशको तेज आफ्नो हेराइबाट बाँकी संसार हेर्नका लागि गइसकेको थियो

## पत्र-मञ्जुषा

# कर्मचारीतन्त्रको सुधारविना परिवर्तन असम्भव

देशभरका विभिन्न सरकारी निकायमा ६५ हजारभन्दा बढी करार कर्मचारी छन् । कार्यालयका हाकिमहरूले आफ्ना आफन्तलाई करारमा राखेका छन् । महानिर्देशक, निर्देशक, सचिव, कार्यालय प्रमुखले करारको नाममा धमाधम आफ्ना आफन्तलाई जागिर खुवाएका छन् । करारमा बसेका कर्मचारी पनि कर्मचारी हुन् र ? यो प्रश्न लामो समयदेखि उठेको छ । किनकि सरकारी कार्यालयमा करार कर्मचारीको कुनै काम नै छैन । बिहान १० बजे हाजिर हुनुपर्ने कर्मचारी १२ बजे हल्लिँदै आउँछन्, ३ बजेसम्म गफ ठोक्छन् अनि घरतिर दौडिन्छन् ।

कार्यालयमा एक हजारको सामान किन्यो भने पाँच हजारको बिल बनाउँछन् । सरकारी कार्यालयमा जागिरे पिउनदेखि हाकिमसम्म उस्तै प्रवृत्तिका हुन्छन् । घूस खान तलदेखि माथिल्ला तहसम्मका कर्मचारी एक नम्बरका हुन्छन् । सरकारी गाडी दुरूपयोग गर्नु र गफ ठोकेर दिन कटाउनु त यिनीहरूको स्वभाव नै भइहाल्यो ।

करारमा काम गर्नेले त तलब पचाउनका लागिमात्रै जागिर खाएका हुन् भन्ने त स्पष्ट छ । आफ्नो आफन्तको आडमा भित्रिएकाहरूलाई काम गरे-नगरे पनि के मतलब ? तर, राष्ट्रसेवक भनिएका सरकारी कर्मचारी पनि त्यस्तै भइदिए । उनीहरूले राष्ट्र र जनताका लागि नभई आफ्नो व्यक्तिगत स्वार्थका लागि जागिर खाएको प्रस्टै हुन्छ । सरकारले त्यत्रो सेवा सुविधा दिँदादिँदै पनि भ्रष्टाचार गर्छन् । छिटोछरितो जनताको काम गर्दैनन् । सरकारी सम्पत्तिको दुरूपयोग गर्छन् ।

सरकारी कर्मचारीहरू एक नम्बरको घूसखोरी हुन् भन्ने छाप जनताको मनमा परेको छ । जनताहरू सरकारी कर्मचारीहरू हेर्नै रुचाउँदैनन् । सरकारी जग्गा हिनामिनादेखि लिएर भुटानी शरणार्थी प्रकरणमा सरकारी कर्मचारीहरू मुछिए । योभन्दा लाजमर्दो कुरा के होला ? राष्ट्रसेवक भनिएकाहरूले राष्ट्रमाथि घात गर्दै आएका छन् । जति नै सुकिलामुकिला बने पनि यिनीहरूभन्दा बढी इज्जत बाटोमा खाली खुट्टा भारी बोक्नेहरूको छ ।

जे भए पनि तिनले राष्ट्रमाथि घात त गरेका छैनन् । सरकारी कर्मचारीहरू 'दिन कटाउने र माना पचाउने' काममात्रै गरिरहेका छन् । आधा दिन ढल्केपछि कार्यालय आउने अनि घण्टौं तारको टेलिफोनमा झुण्डिने । कार्यालयमै टिकटक बनाउने । हाकिमको कोठामा चिप्लो घसेर बस्ने । अनि जनताले तिरेको कर सदुपयोग भयो त ? जनताले सेवासुविधा पाए ? कार्यालयमा टिकटक बनाउन नपाइने भनेर सरकारले निर्णय गर्न ढिलाइ भइसकेको छ । सरकारी कार्यालय 'चिडिया खाना'झैं देखिन्छ ।

कर्मचारीतन्त्रमा यो बेथिति आउनुमा राजनीतिक अस्थिरताको ठूलो हात छ । त्यही राजनीतिक अस्थिरताको फाइदा उनीहरूले लुटिरहेका छन् । यसमा राजनीतिक दलहरू पनि दोषी हुन् । तर, देश र जनताका लागि काम गर्ने भनेर, जनताले तिरेको करबाट तलब सुविधा खाएर सरकारी सेवामा भर्ना भएका कर्मचारीले अलिकति पनि जिम्मेवार बन्नु पर्दैन ? देश र जनतामाथि कुठाराघात गर्न मिल्छ ? त्यस्तो पक्कै पनि मिल्दैन । तर, भइरहेको छ । यो बेथिति जुनसुकै सरकारले पनि हटाउन सक्दैन । यो हटाउनका लागि त सम्पूर्ण कर्मचारीतन्त्रमा परिवर्तन ल्याउन जरुरी छ । यो अर्को ठूलो क्रान्तिकारी काम हुनेछ । यस्तो हिम्मत गर्ने नेतृत्व देशले तत्काल पाउने देखिन्न । त्यसैले अझै वर्षौंसम्म सरकारी कर्मचारीहरूको रजगज चल्ने निश्चित छ ।

*-अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# राना समुदायको पृथक होली

■ महादेव अवस्थी



**दोधारा चाँदनी (कञ्चनपुर)–** अन्य समुदायले भन्दा राना समुदायले होली पर्व पृथक तरिकाले मनाउने गरेका छन् । झण्डै ३८ दिनसम्म मनाइने राना समुदायको होली माघ पूर्णिमादेखि सुरु हुन्छ । राना थारू समुदायमा दुई चरणमा होली पर्व मनाइने गरिन्छ । पहिलो चरणअन्तर्गत माघ पूर्णिमादेखि फागुन पूर्णिमासम्म जिउँदो होली मनाइन्छ ।

त्यसपछिका आठ दिनको समय मृत्त होली मनाउने प्रचलन रहेको राना समुदायका अगुवा बताउँछन् । 'मृत्त होली अन्य समुदायको होली सकिएपछि सुरु हुन्छ,' भीमदत्त नगरपालिका-१९ का साहेव रानाले भने, 'माघ पूर्णिमादेखि फागु पूर्णिमासम्म जिउँदो होली मनाउँछौं ।' उनले फागू पूर्णिमापछि राना थारू समुदायमा बल्ल रौनक छाउने बताए ।

'गाउँभरिका महिला पुरुष, वृद्धदेखि बालकसम्म सबैजना होलीमा रमाउँछन्,' रानाले भने, 'होली खेलेकै घरमा खाना खाने र रातभरि होली खेलेर रमाइलो गर्ने चलन छ ।' राना समुदायका जानकारका अनुसार हिरण्यकश्यपले विष्णु भगवान्का भक्त आफ्नो छोरा प्रह्लादलाई अग्निमा नजल्ने वरदान पाएकी आफ्नी बहिनी होलिकासँग आफ्नो काखमा राखेर जलाउने भनी आदेश दिएका थिए । प्रह्लादले पनि आफ्नो बुवाको कुरा नकाटी फूपू होलिकाको काखमा बसे । जब होलिकालाई आगो लगाइयो, त्यस समय होलिका जलेर खरानी भइन् भने प्रह्लादलाई अग्निले केही गर्न सकेन भन्ने किंवदन्ती छ । त्यस दिनदेखि असत्यमाथि सत्यको विजय भएको भनेर होली पर्व राना समुदायले मनाउँछन् ।

होलीको सुरुको दिन होलीको प्रतीक स्थापना गर्ने दिन हो । 'माघ महिनाको पूर्णिमाको दिन दाजुभाइ गुइँठा, काठदाउरा, तोरीको सुकेको डाँठ एकै ठाउँमा थुपार्छन्,' भीमदत्त-१९ की मालती रानाले भनिन्, 'गाउँको चाकर अर्थात् चौकीदारले घर-घरबाट ल्याएको पूजा सामग्रीसहित होलीको प्रतीक पुत्ला स्थापना गर्छन् ।'

उनका अनुसार यसरी होली राख्ने परमपरागत चलनलाई राना समुदायमा 'होरी धरन' भनिन्छ । यसको उद्देश्य होलीलाई मथुराबाट आफ्नो गाउँसम्म बोलाउने वा निमन्त्रणा गर्ने हो भन्ने जनविश्वास रहेको उनले बताइन् । यसरी होलीको प्रतीक स्थापना गर्ने क्रममा र गरिसकेपछि उपस्थित सबै मिलेर ढोल बजाउने तथा परम्परागत परिहनमा गीत गाउँदै नाच्ने प्रचलन रहिआएको छ ।

फागु पूर्णिमाको दिन बिहान सबै सरसफाइ गरी मीठा-मीठा खानेकुरा पकाइ खाने परम्परा रहेको राना बताउँछिन् । सोही दिन अपराह्न करिब तीन-चार बजे गाउँका सबै दाजुभाइ दिदीबहिनी आ-आफ्नै परम्परागत पहिरनमा सजिएर होलीको पुत्ला दहन गरिएको ठाउँमा गई चामल, गहुँ वा जौं चढाउँदै जलेको गुइँठालगायत अन्य काठ दाउराको खरानीको टीका लगाउने चलन रहेको स्थानीय मधोवर राना बताउँछन् ।

'यो दिन वर्षभरिका दुःखकष्टलाई बिर्सने, छिमेकमा हुने आपसी मतभेद, लडाइँ, झगडा एवं हरेक प्रकारका बेमेल त्यागेर 'राम राम' भन्दै भेटघाट गर्ने दिन हो,' रानाले भने, 'होलीको टीका लगाउनुपूर्व आगो निभाउन र त्यसपछि टीका लगाउनका लागि खेलिने होलीमा गाइने गीतको छुट्टा-छुट्टै भाका हुन्छ ।'

होलीकै अवसर पारी सामाजिक सद्भाव एवं आपसी सम्बन्ध बलियो बनाउन पालैपालो छर-छिमेकमा समेत निम्ता गरी भोज खुवाउने परम्परा चलिआएको उनको भनाइ छ । 'कहीं कहीं राना सामूहिकरूपमा घरघरमा गई गीत गाउँदै होरी नाच गरी दक्षिणा (फगोहा) माग्ने चलन पनि छ,' उनले भने, 'होलीको गीतमार्फत मथुराबाट होली मगाउने प्रचलन रहेको छ, परम्परागतरूपमा मनाइँदै आएको होली एक महिना आठ दिनसम्म खेलिन्छ ।'

परम्पराअनुसार एक रातमा एक घरमा मात्रै होली खेल्ने गरिन्छ । जुन घरमा खेल्यो त्यही घरमा खाना खाने र रातभर होली खेल्ने प्रचलन छ । पूर्णिमाको दिन होली दहनपछि आठ दिन मृत्त होली मनाउने चलन छ । होली दहन गरेको ठाउँमा चामल चढाएर सु-स्वास्थ्य र लामो आयुका लागि आशीर्वाद माग्ने चलन रहेको स्थानीय बताउँछन् । *रासस*

# गिद्ध संरक्षणमा चुनौती बन्दै विषाक्त आहारा

**नवलपरासी (प्रस)–** विषाक्त आहाराका कारण गिद्ध संरक्षणमा चुनौती थपिएको छ । विषाक्त आहाराकै कारण पछिल्लो समय गिद्ध मर्ने क्रम बढ्दै गएको छ ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा विषाक्त आहाराका कारण एक वर्षभित्रमा २३ गिद्ध मरेका छन् । विषाक्त आहाराका कारण बिरामी भएका गिद्धको उद्धार गरिएको जटायु रेस्टुरेन्टका अध्यक्ष एवं संरक्षणकर्मी डिबी चौधरीले बताए ।

'गिद्ध जोगाउन ठूलो चुनौती देखिएको छ,' उनले भने, 'विषादी प्रयोग गरेर कुखुराको मासु कुकुर र स्याललाई मार्न खुवाउने गरिएको छ । विषयुक्त मासु खाएर मरेका कुकुर र स्यालको सिनो खाँदा गिद्ध मरेका हुन् ।'

यसअघि गाईवस्तुलाई प्रयोग गरिने डाइक्लोफेनेक औषधिमा २०६३ जेठ २३ गते औषधि व्यवस्था विभागले प्रतिबन्ध लगाए पनि लुकिछिपी बिक्री हुने गरेको छ । सो औषधिका कारण पनि गिद्ध संरक्षणमा चुनौती थपिएको चरा विद्हरू बताउँछन् । डाइक्लोफेनेक औषधि प्रयोग गरी उपचार गराइएका पशुको सिनो गिद्धले खाएमा मिर्गौलामा असर भई गिद्ध मर्ने गरेका चराविज्ञ डा. हेमसागर बरालले बताए ।

पछिल्लो समय मरेका कुकुर, स्याललगायतको सिनोमा डाइक्लोफेनेकभन्दा कडा विषादी प्रयोग गरिँदा गिद्ध मर्ने गरेको पाइएको चराविज्ञ बरालले बताए । 'विषादी किनबेच गर्न विज्ञको सिफारिस अनिवार्य चाहिने व्यवस्था गर्नुपर्छ,' उनले भने ।


## सच्याईएको सम्बन्धमा

मिति २०८०/१२/०६ मा "प्रभाव" राष्ट्रिय दैनिक पत्रिकामा **नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड**को तर्फबाट प्रकाशित गरिएको **१५ दिने धितो लिलाम बिक्री गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना** मुताविक चल/अचल सम्पति हुनुपर्नेमा चल मात्र हुन गएकोमा अन्य विवरण यथावत रहने गरी सच्याइएको व्यहोरा जानकारी गराईन्छ ।

NIMB


## प्रमाणपत्र हरायो सूचना

मिति २०८०/११/०२ गते सतुगल देखि कालिमाटी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रोशन सर्टिफिकेट हराएको हँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**तपशिल**

नाम : Siddhartha Giri
ठेगाना : Chandragiri, Kathmandu, Nepal
कलेज नाम : Kathmandu College of Central State
रजिष्ट्रेशन नं. 793271520484
सिम्वोल नं. 22732168
फोन : 9841885217


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company

पूर्व स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 302108 | चलानी नं. ६०२१६९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1400 | ४९,२४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 25 | 0 | 1000 | ३५,१७० | | | | | | | |
| 3 | Office Facility Cleaning Worker | 55 | 0 | 1000 | ३५,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम इजाजत नं. ३८४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal
Tel: +977-1-4958977, 4983277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



Province Government

## Veterinary Hospital & Livestock Service Expert Center

Mahendranagar, Kanchanpur
Sudurpaschim province, Nepal

**INVITATION FOR ELECTRONIC BIDS**

**Date of Publication: 20th march 2024 (2080-12-09)**

1. Veterinary Hospital & Livestock Service Expert Center, Kanchanpur invites electronic bids from nepalese elegible bidders for following bids under national competitive bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the Veterinary office Kanchanpur or may visit PPMO site www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all bids without assigning any reason,
4. All other terms and conditions will be as per Nepal Government's Prevailing procurement Act and regulation.

| S. N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid security Validity | Estimated amount (without VAT and Contingencies) in NRs. | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 01/CW/ NCB/2080/081 | Construction of Stair Cattle Shed House (Truss Building) at Bheemdatt-10 | 21th Apr 2024 12:00 PM | 21th Apr 2024 2:00 PM | 90 days and 30 days | 2,991,304.97 | 95,000.00 | 3000 |
| 2 | 02/CW/ NCB/2080/081 | Construction of Stair Cattle Shed House (Truss Building) at Mahakali-10 | 21th Apr 2024 12:00 PM | 21th Apr 2024 2:00 PM | 90 days and 30 days | 2,991,202.78 | 95,000.00 | 3000 |
| 3 | 03/CW/ NCB/2080/081 | Construction of Stair Cattle Shed House (Truss Building) at Beldadi-5 | 21th Apr 2024 12:00 PM | 21th Apr 2024 2:00 PM | 90 days and 30 days | 2,563,451.03 | 80,000.00 | 3000 |
| 4 | 04/CW/ NCB/2080/081 | Construction of Stair Cattle Shed House (Truss Building) at Bedkot-4 | 21th Apr 2024 12:00 PM | 21th Apr 2024 2:00 PM | 90 days and 30 days | 2,991,412.42 | 95,000.00 | 3000 |
| 5 | 05/CW/ NCB/2080/081 | Construction of Stair Cattle Shed House (Truss Building) at Shuklaphanta-09 | 21th Apr 2024 12:00 PM | 21th Apr 2024 2:00 PM | 90 days and 30 days | 2,991,412.42 | 95,000.00 | 3000 |
| 6 | 06/CW/ NCB/2080/081 | Construction of Stair Cattle Shed House (Truss Building) at Laljhadi RM-05 | 21th Apr 2024 12:00 PM | 21th Apr 2024 2:00 PM | 90 days and 30 days | 2,564,042.47 | 80,000.00 | 3000 |

Senior Veterinary Officer



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER

पूर्व स्वीकृति मिति २०७९/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 281582 | चलानी नं. ६०१९८१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 9 | 550 | ७२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 650 | ८६,१६५ | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 4 | Factory Worker | 35 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 5 | Gardener | 5 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 6 | General Worker | 34 | 8 | 550 | ७२,९१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
सि.पि. होटल, बिर्तामोड-१, झापामा मिति: २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।
झापाको लागि सम्पर्क: ९८०७९६३७९५, ९८०७९६३७९७, ९८५२६७४८०९, ९८५२६७४८१०
तिलोत्तमा इन्स्टिट्युट अफ ट्रेनिङ एण्ड ट्रेड सेन्टर प्रा.लि (तिलोत्तमा-४, नयामिल) रुपन्देहीमा मिति: २०८० चैत १८ गते (31st Mar. 2024) मा हुनेछ । रुपन्देहीको लागि सम्पर्क: ९८०२६५८६०५
जनप्रिय थकाली भान्सा घर, नागढुंगा-८, पोखरा, कास्कीमा मिति: २०८० चैत २३ गते (5th Apr. 2024) मा हुनेछ ।
पोखराको लागि सम्पर्क: ९८५६०६०४५१

नोट: General Worker (साधारण कामदार) को लागि नेपाली license A,B हुनेलाई प्राथमिकता दिईनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: ४०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SB MARINE PRODUCTS SDN BHD.

पुर्व स्वीकृति मिति २०७९/१२/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 282722 | चलानी नं.६०१९८३१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 4 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ११५७/०७३/०७४
Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856
Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEMBINAAN YUEN SENG SDN. BHD

पूर्व स्वीकृति मिति २०८०/०९/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 296933 | चलानी नं ६०२१२०४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 100 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MAHAD MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. ९८१/०६७/०६८
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CAFÉ QAHWA SIOUF FOR BEVERAGES.

पूर्व स्वीकृति मिति: २०८०/११/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ | LT. No. 301311 | चलानी नं. ६०२१६२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 6 | 0 | 1200 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TA-SHOU ELECTRONICS (M) SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/१२/०८ | LT. No. 302151 | चलानी नं. ६०२१६९९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**
Govt. License 902/067/68
Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792
Email: khoji.nepal2022@gmail.com


# प्रभाव दैनिक

शुक्रबार ९, चैत २०८० (Friday, March 22, 2024)


## रूपशाला

### बोक्सीको घरको 'जिन्दगीको कथा यता न उता' सार्वजनिक

फिल्म 'बोक्सीको घर'को गीत 'जिन्दगीको कथा यता न उता' सार्वजनिक गरिएको छ । केकी अधिकारीको निर्माण र अभिनय रहेको फिल्म 'बोक्सीको घर'को उक्त गीतमा स्वीअरिती र निहारिकाको स्वर रहेको छ । जसमा सुलक्षण भारतीको शब्द सृजना र मनिष निरौलाको संगीत छ । सो गीतको भिडियोमा केकी र भारती फिचर्ड छन् । सोसल-थ्रिलर जनरामा निर्माण भएको सो फिल्ममा बोक्सी कुप्रथाको नाममा महिलामाथि हुने हिंसाको कथा समेटिएको छ । केकी स्वयं शीर्ष भूमिकामा देखिएको बोक्सीको घरमा सुपला सापकोटा, स्वेच्छा राउत, सुलक्षण भारती, रमा थपलिया, सुष्मा निरौला र सविन बास्तोलाको अभिनय छ ।



# 'म हिरो बन्छु भन्दा हाँस्थे, खिसी गर्थे'

■ प्रभाव संवाददाता

**काठमाडौं –** अभिनेता विपिन कार्की अहिलेका सफल अभिनेता हुन् । पात्रलाई जीवन्त बनाउन प्राय निर्माता तथा निर्देशकको रोजाईमा विपिन पर्ने गरेका छन् । तर, स-साना भूमिकामै आफ्नो कार्यकौशलता देखाएर दर्शकको प्रिय बन्दै गरेका विपिनले जात्रामा पाएको भूमिकामार्फत आफूलाई स्थापित गर्न सफल भए ।

'छड्के'मा बिन्दु र 'पशुपति प्रसाद'मा भष्मे डन जस्तो भूमिकामा प्रस्तुत भएका विपिनलाई निर्देशक तथा लेखक प्रदीप भट्टराईले एक इमान्दार, सङ्घर्षशिल फडिन्द्रको भूमिकामार्फत दर्शकसमक्ष ल्याए ।

विपिनले आफैं पनि हिरो भन्छु भन्दा कसैले पत्याएनन् । 'म हिरो बन्छु भन्दा धेरैले हाँसेर उडाए, खिसी गरे । तर, ती सबको प्रवाह नगर्दै मलाई निर्देशक भट्टराई र षट्कोण आर्ट्सले हिरो बनाए । त्यहि कारण मेरो अभिनय यात्रा यहाँसम्म आइपुगेको छ', अभिनेता कार्कीले भने । उनले 'जात्रा' शृफ्लाकै रमाइलो र राम्रो




फिल्म 'महाजात्रा' बनेको प्रति विश्वस्त रहन उनले आग्रह समेत गरेका छन् । प्रिमियरमा फिल्म हेरिसकेपछि रमाइलोसँगै यसपटक फिल्मकर्मीको दायित्व बहन गर्दै संदेशलाई समेत समावेश गरिएको उनले बताए ।

'जात्रा शृफ्लाकै यो रमाइलो फिल्म बनेको छ । यसले हामीलाई हसाउने र रमाउनेसँगै दायित्व बोध गराउने फिल्म हो । फिल्म हेर्दा हासिन्छ, रोइन्छ, केही सिकिन्छ । दर्शकको समय र पैसाको पूर्ण सदुपयोग हुन्छ, म दावी गर्छु', अभिनेता कार्कीले भने ।

विपिनले निर्वाह गरिरहेको भूमिका र उहाँको क्षमतालाई हेरेर 'जात्रा' मा लिईएको निर्देशक भट्टराईले बताए । 'उहाँलाई प्राय फिल्ममा एकै किसिमको व्यक्तित्वको भूमिकामा देखिरहदा त्यस्तो मान्छेले इमान्दार व्याक्व्याक्तिको भूमिकालाई कसरी निर्वाह गर्न सक्छ भन्ने लगेर प्रस्तुत गरेका हौं । उहाँसँग त्यस अगाडि नै टेलिफिल्ममा काम गरिसकेको थिएँ', निर्देशक भट्टराईले भने ।

षट्कोण आर्ट्सको व्यानरमा निर्माण भएको फिल्ममा रिवंश आचार्य, विपिन कार्की, रविन्द्रसिंह बानियाँ, वर्षा राउत, अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहेको छ । आपतकालीन रूपमा आइपर्ने पैसा व्यवस्थापन गर्ने अवसर र त्यसले निम्त्याउने समस्यालाई रोचक शैलीमा प्रस्तुत गरिने 'महाजात्रा' लाई म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेलले निर्माण गरेका हुन् ।

# सांस्कृतिक महासंघको बागमती प्रदेश समिति गठन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सांस्कृतिक महासंघको बागमती प्रदेश समिति गठन भएको छ । बुधबार नेपाल सांस्कृतिक महासङ्घका केन्द्रीय अध्यक्ष तीर्थ बहादुर थापा, केन्द्रीय सदस्य तथा अनुशासन समितिका संयोजक अर्जुन गिरी लगायतको उपस्थितिमा राजेन्द्र खत्रीको अध्यक्षतामा १८ सदस्य बागमती समिति गठन भएको हो ।

समितिको सचिवमा चेतबहादुर सिंह र प्रभाकर देव शर्मा रहेका छन् भने सदस्यमा महेश प्रकाश हाडा, रामकाजी घिमिरे, सारदादेवी सिल्वाल, प्रतिमा अर्याल, इन्दिरा वाइबा, सुजन रेग्मी,



नयन सोडारी, सुनिल पुरी, रामकुमार महत, राजेन्द्र रिजाल, विजय कार्की सिता तामाङ, चन्द्र प्रचा, सन्तोषी केसी, सिताराम माक रहेका छन् । सांस्कृतिक महासङ्घ नेपाली कांग्रेसको सुभेच्छु संस्था हो । पार्टीले नेपाली सांस्कृतिक सङ्घलाई नै सांस्कृतिक महासङ्घ बनाएको हो । सांस्कृतिक सङ्घका सभापति तीर्थ थापालाई नै पार्टीले ६ महिना भित्र महाधिवेशन गराउने अधिकारसहित महासङ्घको अध्यक्षको जिम्मेवारी दिएको छ ।

महासंघको देशभर प्रदेश समिति, जिल्ला समिति लगायतको विभिन्न समिति गठन गर्ने केन्द्रीय कार्यसमितिको निर्णय अनुसार बागमती कार्यसमिति गठन भएको केन्द्रीय सदस्य अर्जुन गिरीले बताए ।

## रंगशाला

### रोबिन्होमाथिको मुद्दामा सुनवाई

**रोम–** ब्राजिलको न्याय प्रणालीले म्यानचेस्टर सिटी र रियल म्याड्रिडका पूर्व स्ट्राइकर रोबिन्होलाई दक्षिण अमेरिकी देशमा इटालियन अदालतले सुनाएको ९ वर्षको बलात्कारको सजाय सुनाउने कि नसुनाउने निर्णय गर्ने भएको छ ।

ब्राजिलको सुपीरियर कोर्ट अफ जस्टिसले २०१७ मा लगाइएको र २०२२ मा अनुमोदन गरेको जेल सजाय स्वीकृत गर्न इटालियन अनुरोधको जाँच गर्ने भएको हो ।

सन २०१३ मा मिलानको एक नाइटक्लबमा उनको २३ औं जन्मदिन मनाइरहेकी एक युवती अल्बेनियाली महिलालाई सामूहिक बलात्कार गर्ने ६ जना पुरुषको समूहमा परेकोमा दोषी ठहरिएका थिए । ब्राजिलका पूर्व अन्तर्राष्ट्रिय खेलाडी रोबिन्हो त्यतिबेला एसी मिलानबाट आफ्नो फुटबल खेलिरहेका थिए ।


## गोसाईकुण्ड गाउँपालिका

रसुवा जिल्ला, बागमती प्रदेश

**गुम्चेत क्षेत्रको त्रिशुली नदी तटबाट ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन् कार्यका निम्ति प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८०/१२/०९

रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका, वडा नं ०६, गुम्चेत क्षेत्रको त्रिशुली नदी तटबाट ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन् कार्यका निम्ति प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयार गर्नका लागी निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | गुम्चेत क्षेत्रको त्रिशुली नदी तटबाट ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन् कार्य |
| प्रस्तावकको नाम र ठेगाना | धुङलाङ निर्माण प्रा. लि.<br>गोसाईकुण्ड-०६,रसुवा, बागमती प्रदेश<br>फोन: +९७७ ९८५१११६२१२ |
| प्रभाव पर्ने जिल्ला/न.पा./गा.पा. | बागमती प्रदेश, रसुवा जिल्ला, गोसाईकुण्ड गाउँपालिका |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्राप्त भएको मितिले सात (०७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगानाः**

| | |
|---|---|
| **धुङलाङ निर्माण प्रा. लि.**<br>रसुवा, बागमती प्रदेश<br>फोन: +९७७ ९८५१११६२१२ | **ग्रीन डिसिजन्स कन्सल्टिङ प्रा. लि.**<br>पानीपोखरी, काठमाडौं ।<br>फोन: +९७७ ९८६१२९१८३६<br>इमेल: greendecisions16@gmail.com |

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ LT. No.294319 चलानी नं. ६०२०९४९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 64 | 0 | 1000 | ३५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः ALI BIN HASHEM AL HUSSEIN OPERATION AND MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ LT. No.294320 चलानी नं. ६०२०९४१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 45 | 0 | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१

## तााप्ली गाउँपालिका

## ताप्ली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

रूपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०८०/१२/०९)
ने.सं ११४४ चिल्लाथ्व ३ शुक्रबार

यस कार्यालयको मिति २०८०/११/०२ गते बोलपत्र आह्वान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार निर्माण कार्य गर्नको निम्ति निर्धारित समयभित्र रितपूर्वक पेश भएका बोलपत्रदाताहरूका मूल्यांकन गर्न गठित मूल्यांकन समितिको सिफारिश अनुसार प्राबिधिक प्रस्तावको मूल्यांकनमा निम्न अनुसारका बोलपत्रदाताहरूले प्राबिधिक प्रस्तावका शर्तहरू पूरा गर्न सफल भएको हुँदा उक्त सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/१२/१६ गते दिनको १३:०० बजे यस कार्यलयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) को नियम ३१(ज) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| S.N. | Contract No. | Description of Works | Responsive Bidders Name & Address |
|---|---|---|---|
| 1 | 12/TRM/UDA/NCB/080-081 | Yari Khola Satijangar Motrable Pul Tapli-3 Udayapur | M/S AARYAN-BMB-SAHIL J/V |

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAMSET FAN LADIES BEAUTY CENTER CO

पूर्व स्वीकृति मिति २०७९/०४/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ LT No :267450 चलानी नं. ६०१८३७३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber / Hairdresser | 0 | 8 | 130 | ५६,२२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Beautician | 0 | 5 | 130 | ५६,२२० | | | | | | | |
| 3 | Salon Worker | 0 | 4 | 130 | ५६,२२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत १६ गते (29th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३२२ चैत्र ०८ गते २०८० मा प्रकाशित Prince International Employment Service Pvt. Ltd. को Lot No. 301960 को विज्ञापनमा कम्पनीको नाम Abdulrahim Alsayed Construction Est. हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३३२ चैत ०८ गते २०८० मा प्रकाशित Elite Gurkhas Overseas Pvt. Ltd. को Lot No. 302040 को Binaat Real Estate Company Limited कम्पनीको विज्ञापनमा A Builder पदको पुरुष कामदारको संख्या ३ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np

## बागमती प्रदेश सरकार
### खानेपानी तथा सरसफाइ डिभिजन नं.३

सिन्धुपाल्चोक

**आशयको सूचना**

*प्रकाशित मिति : २०८०/१२/०९*

यस कार्यालयबाट मिति २०८०।०८।२६ र २०८०/१०/१७ गते प्रकाशित विधुतिय दरभाउपत्र आह्वानको सूचना अनुसार तपिशल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङकिंत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | कामको विवरण | वोलपत्रदाताको नाम | कवोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|
| ११/०८०/८१ | होल्वे चौतारा बृहत खा.पा.यो. का लागि कन्सट्रक्सन अफ सिसी, भि सी, पाईप सप्लाई तथा पाईप लाईन वर्कस, सिन्धुपाल्चोक | श्री लक्ष्मी कन्सट्रक्सन न्यु चौतारा, सिन्धुपाल्चोक | रु.८४३०१६९।६७ |
| १५/०८०/८१ | दाप्चा काशिखण्ड बृहत खा.पा.यो. नमोबुध्द ७ का लागि Construction of RCC Tank, Pipe Line Works, Pipe and Pump Supply of Dapcha Kashikhand Brihat Water Supply Project, Namobudhha 7, Kavre | श्री Gautam Shakti Nirman Sewa, सिन्धुपाल्चोक | रु.४१२०७७९।१६ |

डिभिजन प्रमुख

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LOCA FASHION COMPANY FOR WOMEN'S TAILORING CLOTHES.

पूर्व स्वीकृति मिति २०८०/०८/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/०८ LT No. 295918 चलानी नं. ६०२११०२२

